मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
Madan Bhandari Academy of Health Sciences
(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)
बागमती प्रदेश, हेटौंडा

पत्र संख्या :-
चलानी नं. :-

..................को कार्यालय

सूचना नं. १३

मिति: २०८२/०५/०३

# बिदा सम्बन्धी जानकारी

बिदा सहुलियत हो अधिकार होइन।

- **प्रतिष्ठान अन्तर्गतका सबै कर्मचारीले प्रतिष्ठानको दैनिक कार्यलाई असर नपर्ने गरी पूर्व स्वीकृती लिएर मात्र बिदा बस्नुपर्नेछ।**
- बिरामी बिदा ३ दिन भन्दा बढि बस्नुपरेमा चिकित्सकको प्रेषण पुर्जी (Prescription) आवश्यक पर्नेछ, अन्यथा बिदा स्वीकृत हुनेछैन र अस्वीकृत बिदा प्रतिष्ठानको नियमानुसार बेतलबी हुनेछ।
- प्रतिष्ठान अन्तर्गतका प्राज्ञिक कर्मचारीहरु, शिक्षकहरु र अन्य चिकित्सकहरु बिदामा वस्नका लागि सम्वन्धित विभागिय प्रमुखको पूर्व स्वीकृति आवश्यक पर्नेछ, त्यसैगरी विभागिय प्रमुख बिदामा वस्नुपरेमा उपप्रमुख व्यक्तिलाई नि. विभागिय प्रमुखको जिम्मेवारी दिएर सो सम्वन्धी जानकारी शिक्षाध्यक्षलाई गराई बिदाको पूर्व स्वीकृति शिक्षाध्यक्ष समक्ष लिनुपर्नेछ।
- बिदाको फाराम भर्दा बिदामा बस्ने दिनहरुका लागि आफ्नो कार्यमा अवरोध सिर्जना हुन नदिन जिम्मेवारी वहन गर्ने कर्मचारी/शिक्षक/चिकित्सकको नाम स्पष्ट रुपमा भरी सम्वन्धित विभागिय प्रमुखको पूर्व स्वीकृति लिई जिम्मेवारी वहन गर्ने कर्मचारीको सहमती लिएर बिदामा वस्नुपर्नेछ।
- ५ दिन सम्मको बिदा सम्बन्धित विभागको विभागिय प्रमुखले दिन सक्नेछ।
- ५ दिनभन्दा बढि बिदामा बस्नुपरेमा शिक्षाध्यक्षको पूर्वस्वीकृति आवश्यक पर्नेछ।
- बिदाको फाराम भरेर सबै प्रक्रिया पुरा गरे पश्चात सम्बन्धित विभागको प्राज्ञिक प्रशासनमा बुझाउनुपर्नेछ अन्यथा प्रतिष्ठानको नियमानुसार बेतलबी बिदामा गणना हुनेछ।
  पुनश्च: (प्रक्रिया पुरा नगरी बिदा बसेको दिन/हरु शिक्षाध्यक्ष कार्यालयवाट स्वीकृत नहुने हुँदा उक्त दिन/हरुको बिदालाई वेतलवी बिदामा गणना गरिनेछ।)
- प्रतिष्ठानको कार्यलाई अवरोध हुने गरी बिदा दिइनेछैन।

..........................................
प्रा.डा. दिनेश कुमार लम्साल
शिक्षाध्यक्ष

मुख्य कार्यालय : हेटौंडा-१०, टि.सि.एन रोड, मकवानपुर
Headoffice:- Hetauda-10, TCN Road, Makawanpur
Phone No.: +977-057-520389
Email: info@mbahs.edu.np, Website: www.mbahs.edu.np